# तिनाउ गाउँपालिका
## Tinau Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office Of The Rural Municipal Executive
दोभान, पाल्पा
Dobhan, Palpa
स्थापना / Estd. 2017 A.D.
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


पत्र संख्या /Letter No.:-
चलानी नं /Ref. No.:-

मिति २०८१।१०।३०
ने.स.११४५ सिल्लाथ्व १५ बुधवार

विषय : आ. व. २०८२।८३ का लागी न्यूनतम रोजगारीमा संलग्न हुनको लागी निवेदन दिने बारे सूचना ।

रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७७ को नियम ७ को उपनियम (१) र प्रधानमन्त्री रोजगार कार्यक्रम संञ्चालन निर्देशिका २०७५ को दफा १८ बमोजिम आर्थिक बर्ष २०८२।०८३ मा रोजगार सेवा केन्द्रबाट आर्थिक तथा सामाजिक अवसरबाट बञ्चित बैरोजगार ब्यक्तिहरुलाई प्रदान गरिने १०० (सय) दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न हुन सक्ने १८ वर्ष उमेर पुरा भई ५९ वर्ष ननाघेका ईच्छुक बेरोजगार ब्यक्तिहरुले बेरोजगार ब्यक्तिको सूचीमा सूचिकृत हुन आफू स्थायी बसोबास गरेको सम्बन्धीत वडा कार्यालयमा आवश्यक कागजातहरु सहित मिति २०८१ फाल्गुन मसान्त भित्र तोकिएको ढाँचामा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

१. निवेदकको नेपाली नागरिकताको फोटोकपि — १ प्रति
२. निवेदकको पासपोर्ट साइजको फोटो — १ प्रति
३. निवेदकको परिवारका सदस्यहरुको जन्ममिति, नागरिकता नं., जारी मिति, नागरिकता नभएकाको जन्म मिति फाराममा उल्लेख गर्नुपर्नेछ अथवा फोटोकपि पेस गर्नुपर्नेछ ।
४. नागरिकतामा स्थायी ठेगाना हाल बसोबास गरेको स्थान भन्दा फरक भएमा बसाईसराई तथा बिवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि
५ निवेदकको शैक्षिक योग्यता वा सिप क्षमताको प्रमाणपत्रको फोटोकपी १ प्रति (ऐच्छिक)

*नोट : आवेदन फाराम वडा कार्यालयबाट निःशुल्क रुपमा प्राप्त गर्न सकिने छ साथै प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइड https://www.pmep.gov.np/ बाट समेत प्राप्त गर्न सकिनेछ ।*

लेख बहादुर बस्नेत
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत


Email: tinaururalmunicipality@gmail.com
Phone No: 075-413064 / 65